प्रधान कार्यालय
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
धर्मपथ ,काठमाडौ

# प्रेस रिलिज्

## नेपाल बैक लिमिटेडको सहुलियतपूर्ण कर्जा

तपाई आफनै उद्यम व्यवसाय गरी स्वरोजगार हुन चाहनुहुन्छ ? तपाईसंग सुन्दरतम व्यावसायिक योजना पनि छ तर पुंजीको अभावमा कसरी गर्ने अलमलमा हुनुहुन्छ ? यदि त्यसो हो भने तपाईलाई आवश्यक पुंजी जुटाउन सहयोगी हातहरु लिएर आएको छ नेपाल बैक लिमिटेड । नेपाल बैक लिमिटेड्ले आफना देशका ६० जिल्लामा फैलिएका १५७ शाखा संजाल मार्फत विभिन्न शीर्षकमा सहुलियतपूर्ण व्याजदरमा विभिन्न उपयोगी कर्जाहरु बजारमा ल्याएको छ । यसरी उपलव्ध गराईने कर्जा सेवाहरुमा व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा ,शिक्षित युवा स्वरोजगार कर्जा, महिला उद्यमशीलता कर्जा ,वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जा ,दलित समुदाय विकास कर्जा, उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा र भूकम्प पीडितलाई निजी आवाश निर्माण कर्जा रहेका छन् । बैकको आधार दरमा केवल २ प्रतिशत प्रिमियम थप गरि त्यसमध्ये पनि नेपाल सरकारबाट प्राप्त हुने निश्चित प्रतिशत अनुदान घटाई कायम हुने यी कर्जाहरुको व्याजदर बजारमा उपलव्ध अन्य कर्जाहरु र मुद्रास्फृतिको तुलनामा न्यून रहेको छ । वर्तमान सरकारको 'समृद्ध नेपाल सुखी नेपाली' को नारा साकार बनाउने उद्धेश्य प्राप्तीमा सघाउन नेपाल सरकारबाट स्वीकृत कार्यक्रम बमोजिम यस बैकद्वारा कार्यान्वयनमा ल्याईएका यस बैकका सबै शाखा कार्यालयबाट उपलव्ध यी कर्जा सुविधामा लक्षित फर्म/व्यक्ति तथा समूहबाट अधिकतम सहभागिताको अपेक्षा बैंकले लिएको छ ।

(मुकुन्द अर्याल )
प्रेस संयोजक